कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: ३ | वि.सं. २०८१ | बैशाख | ४ | मंगलवार | नेपाल संवत: ११४४, | चैत शुक्ल अष्टमी | Tuesday | 16 | Apr. | 2024 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

# मनपरी भर्ना शुल्क असुल्दै सुर्खेतका निजी विद्यालय

**ओम शाही**
**सुर्खेत, ३ बैशाख ।**

सामुदायिक वा निजी लगानीका विद्यालयले कुनै पनि बहानामा अभिभावकबाट भर्ना शुल्क उठाउन पाउँदैन् । एक पटक भर्ना भइसकेको विद्यार्थीबाट पुनः भर्नाका नाममा कुनै पनि शुल्क उठाउन नपाईने कानुनमै स्पष्ट व्यवस्था छ ।

निजी लगानीका (संस्थागत) विद्यालयले शिक्षा नियमावली २०५९ को नियम १४६ ले तोकेका शीर्षक बाहेक अन्य कुनैपनि शुल्क लिन पाउँदैनन् । शुल्क निर्धारण मापदण्ड निर्देशिका २०७२ अनुसार शुल्कको अधिकतम सीमा बमोजिम शुल्क निर्धारण गराउने व्यवस्था कार्यान्वयन गर्न शिक्षा मन्त्रालयले निर्देशन जारी गरिसकेको छ ।

उक्त निर्देशन अनुसार वीरेन्द्रनगर नगरपालिकाले भर्ना शुल्क बाहेक अन्य शुल्क निर्धारण गरेको थियो । तर, कार्यान्वयनमा भने निजी विद्यालय अटेरी देखिएका छन् । सुर्खेतका निजी लगानीका (संस्थागत) विद्यालयले कानून विपरित विद्यार्थीबाट शुल्क असुली रहेका छन् ।

सिकाई सहजीकरण निर्देशिका-२०७७ को बुँदा ३० मा 'विद्यालयले लिन पाउने शुल्क प्रचलित कानुनको अधिनमा रही स्थानीय तहले स्वीकृत गरे बमोजिम हुने' उल्लेख छ । सोही वमोजिक वीरेन्द्रनगर नगरपालिकाले शुल्कसमेत निर्धारण गरिदिएको छ । तर, सुर्खेतका निजी विद्यालयहरुले वीरेन्द्रनगर नगरपालिकाले बनाएको कार्यविधि नै मिचेर नियम विपरित विद्यार्थी भर्ना वापतको रकम असुलि रहेका छन् । सुर्खेतका निजी विद्यालयले बर्षेनी मनपरी शुल्क असुल्दै आएको अभिभावकको गुनासो छ ।

सोमबारदेखि सुरु भएको शैक्षिक बर्ष २०८१ का लागि

बाँकी ४ पेजमा




## कारवाही गर्ने नगरपालिकाको चेतावनी

केही दिन अघि मात्रै वीरेन्द्रनगर नगरपालिकाले विद्यार्थी भर्ना अभियानको नाममा पुनः भर्ना शुल्क नलिन सम्पूर्ण निजी तथा सामुदायिक विद्यालयलाई निर्देशन दिएको थियो । उक्त निर्देशनपछि पनि संस्थागत विद्यालयहरुले चर्को शुल्क लिन बन्द गरेका छैनन् ।

शिक्षा नियमावली २०५९ को नवौं संशोधन २०७७ अनुसार कुनै एउटा कक्षामा शुल्क लिई भर्ना गरिसकेपछि अर्को कक्षामा पुनःभर्ना शुल्क लिन नमिल्ने व्यवस्था छ । सोही नीतिलाई टेक्दै नगरपालिकाले नियमावली विपरित जानेलाई कारबाही गर्ने चेतावनी समेत दिएको छ ।

'एउटै विद्यालयमा लगातार पढिरहेको व्यक्तिलाई पुनः भर्ना शुल्क परिपत्र जारी भइसकेको छ,' वीरेन्द्रनगर नगरपालिकाका शिक्षा शाखा प्रमुख धिरेन्द्रप्रसाद शर्माले भने, 'कानुनले स्पष्ट पारेको विषयमा अटेरी गर्ने गराउने संस्थालाई कारवाहीको दायरामा ल्याउने छौं ।'

भर्ना अभियान सुरु हुनुपूर्व वीरेन्द्रनगरका सबै संस्थागत र निजी विद्यालयहरुलाई बोलाएर भर्ना वापतको शुल्क नलिन निर्देशन दिई सकेको बताउँदै शर्माले उक्त निर्देश विपरित जाने विद्यालयलाई कारवाहीको दायरामा ल्याउने बताए ।

नगरपालिकाले संस्थागत विद्यालयको भर्ना तथा शुल्क निर्धारण वर्गीकरणको लागि निर्देशिका बनाएर अगाडी बढेको उल्लेख गर्दै नयाँ भर्नाका नामा नियम विपरित शुल्क लिएको पाइएमा नियमअनुसार कारवाही गरी शुल्क फिर्ता गराउने शर्माले बताए ।

# काँक्रेविहारमा पर्खाल निर्माण गरिने

**रासस**
**सुर्खेत, ३ बैशाख ।**

लामो समयसम्म रोकिएको काँक्रेविहार पर्खाल निर्माणको काम अघि बढ्ने भएको छ । प्रदेश सरकारले काँक्रेविहार कम्पाउन्डिङ (पर्खाल) आयोजनालाई निरन्तरता दिन लागेको हो ।

वि.सं. २०७८ असोज १९ गते उच्च अदालत सुर्खेतले अन्तरिम आदेश जारी गर्दै पर्खाल निर्माण अघि नबढाउन भनेको थियो । डिभिजन वन कार्यालय सुर्खेतले काँक्रेविहार वन क्षेत्रको साँध सीमामा पर्खाल नलगाई पाँच/सात मिटर जग्गा बाहिर छोडेर पर्खाल निर्माण गरेको आरोप लगाउँदै अधिवक्ता शेरबहादुर खत्रीले अदालतमा रिट निवेदन दायर गरेका थिए । त्यसयता पर्खाल निर्माणको काम अघि बढ्न सकेको थिएन ।

अहिले वन क्षेत्रलाई समेटेर काम अघि बढाउन उच्च अदालत सुर्खेतले आदेशसमेत दिएपछि काम सुरु हुने भएको हो । वि.सं. २०७९ मङ्सिर २८ गते संरक्षित क्षेत्रको सबै वनक्षेत्र समेटेर पर्खाल निर्माण गर्न उच्च अदालत सुर्खेतले फैसला गरेको थियो । अदालतले गरेको फैसलाअनुरूप काम अघि बढाउन लागिएको डिभिजन वन कार्यालय सुर्खेतले जनाएको छ । काम अघि बढाउन चालु आर्थिक वर्षमा प्रदेश सरकारले बजेट विनियोजन समेत गरेको छ ।

वि.सं २०७८ वैशाख १२ गते ऐतिहासिक काँक्रेविहार संरक्षित वन क्षेत्रको सुरक्षार्थ 'कम्पाउण्ड वाल' (पर्खाल) निर्माण कार्य अघि बढाइएको थियो । डिभिजन वन कार्यालय सुर्खेतले महावीर, खिन्ती, हिराचन्द केएसके जोइन एडभेन्जर सुर्खेतसँग ११ करोड ८५ लाख ४२ हजारमा निर्माण सम्पन्न गर्नेगरी सम्झौता गरिएको थियो ।

काँक्रेविहार संरक्षित वन क्षेत्रको सात किलोमिटर क्षेत्रमा ' कम्पाउण्ड वाल' निर्माण गरिनेछ । अहिलेसम्म निर्माण कम्पनीले एक करोड ३३ लाख मात्र भुक्तानी लिएको छ । डिपिआरअनुसार पर्खाल निर्माण (कम्पाउन्डिङ) का लागि २१ करोड लागत अनुमान छ । चालु आर्थिक वर्षमा प्रदेश सरकारले एक करोड बजेट विनियोजन गरेको छ । अदालतको आदेश आए पनि निर्माण कम्पनीको म्याद सकिएकाले काम हुन नसकेको डिभिजन वन कार्यालय सुर्खेतले जनाएको छ । म्याद थपका लागि निर्माण कम्पनीले निवेदन पेस गरेको डिभिजनल वन अधिकृत वसन्तबाबु श्रेष्ठले बताए ।

उनका अनुसार म्याद थपका लागि निर्माण कम्पनीले पटक पटक निवेदन पेस गरिरहेको छ । पछिल्लो पटक २०८० चैत ९ गते निवेदन पेस गरेको हो । सार्वजनिक खरिद ऐन २०६३ को १३औं संशोधनको प्रावधानअनुसार म्याद थप गरिने कार्यालय प्रमुख श्रेष्ठले बताए ।

उनले भने, "सार्वजनिक खरिद ऐनको १३औं संशोधनले म्याद थपको बाटो खुला गरिदिएकाले पुरानै निर्माण कम्पनीसँग म्याद थप गरेर काम अघि बढाउछौं ।" काँक्रेविहार क्षेत्रमा पयर्टकीय दृष्टिकोणलाई समेत मध्यनजर गर्दै अवलोकनका लागि आकर्षक डिजाइन देखिने गरी पर्खाल निर्माण गर्न लागिएको जनाइएको छ ।

उनका अनुसार काँक्रेविहार संरक्षण क्षेत्रको पश्चिम भागमा प्रमुख गेट बन्नेछ भने पूर्वमा आपत्कालीनद्वार (इमर्जेन्सी एक्जिट) बन्ने भएको छ । अबको केही दिनमा काम अघि बढाइने कार्यालयले जनाएको छ ।

चालु आर्थिक वर्षमा कर्णाली प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले चासोका रूपमा पर्खाल निर्माण कार्यलाई लिइएको छ । मन्त्रालयका निमित्त सचिव राजेन्द्रकुमार वासुकलाले कम्पाउन्डिङ (पर्खाल) निर्माणका लागि बाटो खुला भएको बताए ।

सार्वजनिक खरिद ऐनको नयाँ प्रावधानअनुसार पुरानै ठेक्काको म्याद थप गरेर काम अघि बढाउन सकिन्छ । सरकारले बजेट पनि विनियोजन गरिसकेको छ । काम अघि बढाउन डिभिजन वन कार्यालय सुर्खेतलाई भनिरहेको भन्दै उनले सबै प्रक्रिया पूरा भएकाले केही समयमा नै काम अघि बढ्ने जानकारी दिए । सरकारद्वारा जारी राजपत्रमा काँक्रेविहार संरक्षित वन क्षेत्रको क्षेत्रफल १७५ दशमलव पाँच हेक्टर छ । उक्त क्षेत्रको संरक्षणका लागि कम्पाउन्डिङ (पर्खाल) निर्माण गर्न लागिएको छ ।

# गोली काण्डका मुख्य योजनाकारलाई पक्राउ गर्न प्रदर्शन

**युग संवाददाता**
**सुर्खेत, ३ बैशाख ।**

सुर्खेत जिल्ला अदालत बाहिर तरुण दलका जिल्ला सदस्य विनोद गिरीका आफन्तले विभिन्न प्लेकार्ड सहित प्रदर्शन गरेका छन् । गत फागुन १२ गते भएको गोली प्रहारको प्रयासमा मुख्य योजनाकार प्रकाउ नगरेको भन्दै गिरीका आफन्तले प्रदर्शन गरेका हुन् ।

सोमबार गिरीका आफन्तले निर्दोष नफसोस दोषि नउम्कोस, गोली हानि ज्यानै लिने संगठित अपराधीहरुको जालोसम्म कहिले पुग्छ प्रहरी र पिडितले सुरक्षित महशुस हुन अझै कति कुर्नु पर्ने ? जस्ता प्लेकार्ड बोकेर प्रदर्शन गरेका थिए ।

गत फागुन १३ गते गिरीलाई लक्षित गरेर गोली हान्ने चार जनालाई जिल्ला प्रहरी कार्यालय सुर्खेतले सार्वजनिक गरेको थियो । प्रहरीले पत्रकार सम्मेलनमा घटनाका मुख्य योजनाकारबारे जानकारी रहेको तर तत्काल परिचय खुलाउँदा गोपनीयता भङ्ग हुने भन्दै उनलाई मुख्य शङ्कित व्यक्ति मात्र भनेका थिए । तर, घटना घटेको महिनौ पुग्दासम्म पनि प्रहरीले मुख्य योजनाकार भनिएका व्यक्तिलाई समात्न सकेको छैन ।

वीरेन्द्रनगर-३ स्थित गैरीगाउँमा विनोद चढेको बाग्मती प्रदेश ०१-०२९ च ७२६४ नम्बरको कारमा फागुन १२ गते साँझ गोली हानिएको थियो । भे ५ प ६०६१ नम्बरको मोटर साइकलमा आएका केही व्यक्तिले

बाँकी ४ पेजमा

## डिपेन्डेन भिसा

सजिलोसँग स्टुडेन्टसँग डिपेन्डेन भिसामा अष्ट्रेलिया, क्यानडा, युरोप, युके जानको लागि आवश्यक परेमा हामीलाई तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं.:** ९७६९७७२९४४, ९७६९७७२९२३






## सम्पादकीय....

# अस्पताल नेतृत्वले जवाफ दिनु पर्दैन ?

कर्णाली प्रदेशको गर्विलो नाम हो कर्णाली प्रदेश अस्पताल जुन अञ्चल हुँदा मध्यपश्चिम क्षेत्रिय अस्पताल थियो भने प्रदेश संरचना कायम भएदेखि यो अस्पताल प्रदेश माताहतमा भएर प्रदेश अस्पताल नामाकरण गरिएको हो। जहाँ कर्णालीको सिंगो जनसङ्ख्याको स्वास्थ्य सुविधाको पहिलो आधार पनि हो। ठूला ठूला भवन हेर्दा भव्य देखिने त्यो अस्पतालमा हजारौं विरामीहरुले फोटो र भिडियो बनाएर चर्चित बनेको पनि छ। बाह्य स्वरुप कर्णालीभरीमा असाध्यै सुन्दर मध्येमा नै पर्छ भन्दा पनि अत्युक्ति नहोला। भौतिक रुपमा सम्पन्न र सानदार देखिने प्रदेश अस्पतालका संरचनाहरु र मेसिन उपकरणहरु पनि अत्याधुनिक नै छन् भन्ने कुरा पनि समय समयमा चर्चाकै विषय बन्छ यो कर्णाली र हामी कर्णालीबासीका लागी पनि गौरवको विषय हो।

पहिला सानो तिनो उपचारका लागि पनि नेपालगञ्ज, काठमाडौ, लखनउँ लगायतका ठाउँमा जानुपर्थ्यो अहिले भने यि धेरै सेवाहरु प्रदेश अस्पताल सुर्खेतमै हामीले लिन सक्छौं। त्यो सुविधा छ भनेर प्रचार प्रसार पनि भएको छ। गरिबीको पर्यायवाची रहेको कर्णालीका हामी गरिव जनताका लागि यो ठूलो राहत र उपलब्धि हो। जो उपचार गर्न बाहिर जाने भाडा नपाएर अकालमै ज्यान गुमाउने अवस्था केही हदसम्म भएपनि कम भएको छ। तर अस्पताल जाने भनेको निको भै स्वस्थ भएर घर फर्किने आशा बोकेर अस्पतालसम्म जाने हो। सरकारी अस्पताल भएको हुँदा सुलभ पनि हुने अत्याधुनिक प्रविधिबाट उपचार/अप्रेशन पनि हुने भएर पनि त्यस्तो केहि भै पो हाल्ने हो कि भन्ने डर नराखिकन विरामी अस्पताल पुग्छन। तर सोचेको र देखिएका भवनको सुन्दरता भन्दा कति धेरै कुरुप छ त्यहाँ भित्रको बास्तविकता भन्ने कुरा त त्यहाँ भोग्नेलाई मात्र थाहा हुन्छ न कि बाहिरबाट हो रे भनेर कुरा गर्नेलाई। हरेक दिनजसो केही न केही गुनासो हुन्छ सेवाग्राहीको। नाकमा मकैको दाना अड्कीएको बिरामी जो भर्खरसम्म सामान्य रहेको भर्खरै कसरी मृत्यु भयो ? अप्रेशनमार्फत सुत्केरी भएर होस आएर कुरा गरेको सुत्केरी दुखाई कमको सुई लगाउने बित्तिकै किन आईसियु हाल्नुपरो र लासलाई ८ दिनसम्म आईसियुमा राखेर अन्त्यमा मरेको नाटक गऱ्यो अस्पतालले के जवाफ दिनु पर्दैन ? सामान्यतया यसरी कुरा गर्दा ज्यान गएकाको विषयमात्र चर्चा गरिन्छ यस्ता हजारौ केश हुन्छन जो विना चर्चा नै आफन्तले अस्पताललाई मन्दिर र डाक्टरलाई भगवान मानेर पुजिरहेका हुन्छन। केही बर्ष अगाडी एक जना महिलाको अप्रेसनमार्फत बच्चा निकाल्दा मुत्रनली काटेर ३ महिनाको फरकमा ३ पटक अप्रेशन गरिएको थियो के यसको जवाफ दिनु पर्दैन ? त्यहाँका कर्मचारीले गर्ने व्यवहार त झन एक पटक भोगेकाले प्राथना नै गर्छन कि यिनको अनुहार अस्पतालमा मात्र होईन व्यक्तिगत अवस्थामा पनि देख्न नपरोस्। छुद्र र तुच्छ बोली र व्यवहार जुन स्वास्थ्य क्षेत्रका लागि बनेकै हैनन तर तिनै शव्दहरु यति धेरै प्रयोग हुन्छन कि त्यसको जवाफ त झन कसले देओस्।

बिरामीको आधा बिराम त उपचारमा खटिने व्यक्तिका कारण निको हुन्छ भन्ने भनाई पुरानै हो। हुन पनि हो कि हौसला र उत्साहले मान्छेलाई जुनसुकै रोगसंग लड्ने क्षमता दिन्छ। जसको कारण बिरामीलाई अस्पताल गएपछि मानसिक रुपमा निको हुनुपर्ने हो त्यो जुनसुकै स्वास्थ्य संस्थामा हुनु जरुरी कुरा हो। हो हुन त उनीहरु पनि सामान्य मानिस नै हुन उनका पनि मानविय समवेग हुन्छन कहिले काही अलिक नर्मल नहुनु स्वभाविक पनि हो। तर त्यस्तो पनि हुँदैन कि त्यहाँ कुन चाँही जंगलको शेर फुत्केर आईपुगेछ अव बाँचिन्न क्यार सर्लक्कै खाने भो भन्ने हुनु हुँदैन अस्पतालका कर्मचारीलाई देख्दा र त्यहाँका हर घटना र कर्मचारीको व्यवहारको जिम्मा लिनुपर्छ अस्पताल प्रशासनले र जवाफ दिनुपर्छ हर प्रश्नहरुको ?

## विदेश

# जर्मनीमा आइटी विशेषज्ञको अभाव सन् २०४० सम्ममा चौगुना हुने-बिटकम

**बर्लिन, ३ बैशाख (रासस/सिन्ह्वा)।**

नीति निर्माताहरूले उचित प्रतिकार्य उपायहरू नगरे जर्मनीको सूचना प्रविधि (आइटी) क्षेत्रमा दक्ष कामदारको अभाव सन् २०४० सम्ममा चार गुणा बढेर छ लाख ६३ हजार पुग्ने उद्योग सङ्घ 'बिटकम'ले (बिटकम जर्मनीको डिजिटल सङ्घ) बिहीबार चेतावनी दिएको छ।

बिटकमका अनुसार पछिल्लो पाँच वर्षमा सूचना प्रविधि क्षेत्रमा दक्ष कामदारको अभाव उल्लेख्य रूपमा बढेको छ भने अघिल्लो बर्ष झण्डै एक लाख ४९ हजार रोजगारी रिक्त रहेको छ। यो सङ्ख्या पाँच वर्षअघिको तथ्याङ्कको तुलनामा झण्डै दोब्बरले बढेको छ र विद्यालय, प्रशासन र वैज्ञानिक संस्थासहित विभिन्न संस्थामा आइटी-केन्द्रित धेरै पदहरू खाली रहेका छन्।

बिटकमका अध्यक्ष राल्फ विन्टरग्रस्टले भने, "आइटी विशेषज्ञहरूको अभावले जर्मनीको डिजिटल भविष्यलाई खतरामा पार्न सक्छ।" उक्त सङ्घको प्रतिवेदनले सन् २०४० सम्ममा देशमा तीन लाख २१ हजार आइटी विज्ञहरूको परिपूर्ति गर्ने उद्देश्यले विदेशबाट दक्ष कामदारको भर्ती बढाउन सुझाव दिएको छ।

जर्मनीमा बुद्धयौली समाजले गर्दा दक्ष कामदारको अभावलाई बढाएको छ र यो विभिन्न पेशामा फैलिएको छ। सन् २०२३ मा सरकारले विदेशबाट दक्ष कामदारहरूको भर्ती गर्न व्यापक उपायका साथ नयाँ कानून पारित गऱ्यो। यसमा रोजगारी अध्यागमनका लागि कम तलब आवश्यकता, छिटो प्रक्रिया र प्रतिभाशाली र अनुभवी विशेषज्ञहरूका लागि श्रम बजारमा सजिलो पहुँच समावेश गरिएको छ।

जर्मनीका श्रममन्त्री ह्युबर्टस हेलले भन्नुभयो, "देशलाई आफ्नो अर्थव्यवस्थामा पर्याप्त दक्ष कामदारहरू सुनिश्चित गर्न सम्भव भएसम्म मद्दत चाहिन्छ र यस्ता मानिसहरूको अभाव वृद्धिमा विराम बन्नु हुँदैन।"

# अमेरिकामा प्राकृतिक ग्यासको साप्ताहिक भण्डारण बढ्ने : इआइए

**ह्युस्टन (अमेरिका), ३ बैशाख (रासस/सिन्ह्वा)।**

अमेरिकी ऊर्जा सूचना प्रशासन (इआइए) ले अप्रिल ५ को अन्त्य भएको सातामा संयुक्त राज्य अमेरिकामा कार्यशील ग्यास भण्डारण दुई हजार दुई सय ८३ अर्ब घनफिट (घन फिट प्राकृतिक ग्यास आपूर्तिको लागि मापनको मानक एकाइ) रहेको बताएको छ।

यो अघिल्लो साताको तुलनामा २४ अर्ब घनफिटले बढेको इआइएले जनाएको छ। प्राकृतिक ग्यास भण्डारण प्रतिवेदनमा कूल कार्यशील ग्यास भण्डारण गत वर्षको तुलनामा २३ दशमलव पाँच प्रतिशतले बढेको र पाँच वर्षको औसतमा ३८ दशमलव चार प्रतिशतले बढेको उल्लेख छ।

कार्यशील ग्यासलाई भूमिगत भण्डारण गरिएको प्राकृतिक ग्यासको मात्राको रूपमा परिभाषित गरिएको र यसलाई प्रयोगका लागि निकाल्न सकिन्छ। 'डिजाइन क्षमता' र 'अधिकतम काम गर्ने ग्यास क्षमता प्रदर्शनका' आधारमा यसको भण्डारण क्षमता मापन गर्न सकिन्छ।

## युगआह्वानको २४ औं वार्षिकोत्सव :

# प्रेमदेव गिरी बने युग वर्ष व्यक्ति-२०८०










कर्णाली प्रदेशको राजधानी सुर्खेतबाट प्रकाशित हुँदै आएको राष्ट्रियस्तरको (ख) वर्गमा वर्गीकृत युगआह्वान राष्ट्रिय दैनिकले आफ्नो स्थापनाको २४ औं बार्षिकोत्सव मनाएको छ। मोफसलमा रहेर आम नागरिकका सवालमा राज्यलाई खबरदारी गर्दै आएको दैनिकले स्थापनाको २३ औं वर्ष पुरा गरेको अवसरमा शनिवार वीरेन्द्रनगरमा भव्य कार्यक्रमकाबीच वार्षिकोत्सव मनाएको हो।

उक्त वार्षिकोत्सवका अवसरमा सुर्खेती रंगमञ्चमा ५७ वर्षदेखि अनवरत योगदान पुऱ्याएका रंगकर्मी प्रेमदेव गिरी युग बर्ष व्यक्ति २०८० बाट सम्मानित भएका छन्। दैनिकले यस बर्षबाट सुरु गरेको समाजका विभिन्न विधामा रहेर महत्वपूर्ण योगदान पुऱ्याएका व्यक्तिलाई बर्ष व्यक्तिका रुपमा छनौंट गरी नगद रकमसहित पुरस्कृत तथा सम्मान गर्ने कार्यक्रम अन्तर्गत गिरी युग बर्ष व्यक्ति-२०८० बनेका हुन्। उनलाई १५ हजार नगदसहित दोसल्ला ओडाएर सम्मान गरिएको थियो।

गिरीलाई युगआह्वान राष्ट्रिय दैनिकका प्रकाशक एवम् प्रधान सम्पाद दीपककुमार बुढाक्षेत्रीले दोसल्ला ओढाएर सम्मान गरेका थिए। त्यस्तै उक्त कार्यक्रममा साहित्य, पत्रिका मुद्रण, वितरणमा उत्कृष्ट योगदान पुऱ्याएका एक जना साहित्यकार तथा दुई जना कर्मचारीलाई नगद रकमसहित सम्मान गरिएको थियो भने, पत्रिकामा निरन्तर विज्ञापन प्रकाशन गरेर योगदान दिएका एक जना विज्ञापनदाता पनि सम्मानित भएका थिए।

जसमा साहित्य विद्यामा योगदान पुऱ्याएका लेखक पृथ्वीबहादुर सिंह, कोभिड महामारी जस्तो संकटमा पत्रिकाको निरन्तर मुद्रण र वितरणमा उत्कृष्ठ योगदान पुऱ्याएकी हिरा आचार्य र विनु शाही रहेका छन्। उत्कृष्ट विज्ञापनदातका रुपमा इन्टरनेशल इङ्गलिस ल्याङ्ग्वेजका निर्देशक डिबी राना सम्मानित भएका थिए। सामाजिक क्षेत्रमा योगदान पुऱ्याए वापत कोपिला झ्याली समाजका निर्देशक टोप बहादुर मल्ल, स्याक नेपालका महासचिव गंगा गरुङ्ग लगायत अन्य प्रतिष्ठित व्यक्ति तथा पत्रिकामा कार्यरत पूर्व तथा वर्तमान पत्रकार हरुलाई बाषिकोत्सवको अवसरमा सम्मान गरिएको थियो।

## चार वटा डिजिटल संस्करण सार्वजनिक

Tender Karnali

Job Karnali
Find Your Dream Job

ebazar

त्यस्तै सोही कार्यक्रममा अवसरमा युगआह्वानले आफ्ना चार वटा डिजिटल संकरणसमेत सार्वजनिक गरेको छ। जसमा युगआह्वान मोवाइल एप, रोजगारी दिन र खोज्न जवकर्णाली, कर्णालीका रैथाने बालीको बजार व्यवस्थापनकालागि इ-बजार तथा सरकारी निकायबाट प्रकाशित हुने टेण्डरका सूचनाहरुलाई एकिकृत गर्न टेण्डर कर्णाली नामक डिजिटल प्लाट फर्म रहेका छन्। चारै वटा डिजिटल संस्करणको नेपाल पत्रकार महासंघका केन्द्रीय कोषाध्यक्ष कलेन्द्र सेजुवालले उद्घाटन गरेका थिए।

**टेण्डर सेवा :-**

सरकारी कार्यालय, संवैधानिक निकाय, अर्धसरकारी तथा गैरसरकारी कार्यालय, बैंक तथा वित्तिय संस्था, शैक्षिक संस्था, सामुदायिक तथा सार्वजनिक संघ संस्था, उधोग, कम्पनी, फर्महरुको सार्वजनिक खरिद प्रक्रियालाई खुल्ला बजारमा निस्पक्ष-स्वतन्त्र प्रतिस्पर्धा, मितव्ययीता, सुशासनयुक्त, पारदर्शिता, जवाफदेहीता सहित जनउत्तरदायी सार्वजनिक खरिद प्रक्रियामा बोलपत्र आव्हान, सिलबन्दी आव्हान, दरभाउपत्र आव्हान, मुल्यसूची, प्रस्तावना-पत्र, आशय स्वीकृतिका सबै सूचनाहरुलाई केन्द्रीकृत गरी युगन्यज डटकमको प्लेटफर्मबाट सरोकार राख्ने तथा आम नागरिकहरुलाई सर्वसुलभ र सहज रुपमा सुसूचित गराईनेछ।

**जब कर्णाली : -**

मानव जनशक्तिको खोजिमा रहेका कार्यालय र उपयुक्त अवसरको खोजिमा रहेका सिप तथा क्षमतावान नेपाली युवाहरुलाई जोड्ने काम गरिएको छ। श्रम बजारका अवसरहरुको सम्पूर्ण सूचना सम्प्रेषण गरी रोजगारदाता र रोजगारकर्तावीच प्रविधिको माध्यमबाट माग, आवेदन, आपूर्ति, समन्वय, सहकार्य, छलफल गरिनेछ।

**इबजार कर्णाली :-**

वर्तमान समय र परिस्थितिमा समस्या, अवसर र चुनौतिलाई आत्मसाथ गरी आफुसंग भएका सम्पत्ति (घर-जग्गा, सवारी साधान, धनमाल) खरिद तथा विक्रि गर्न चाहनेहरुका लागि उपयुक्त सार्वजनिक साझा थलो हो। खुल्ला विश्व बजारमा अर्गानिक तथा रैथाने खाद्य सामग्री, मौलिक संस्कार र संस्कृतिको पहिचान झल्काउने बाजा-लत्ता कपडा-भेषभुसा-गरगहना, परम्परागत सिप तथा स्थानीय कच्चा पदार्थबाट उत्पादित सामग्रीलाई बजारिकरण गरी उद्यमशिलता र स्वरोजगार सृजना गर्ने लक्ष्य राखिएको छ।

## प्रविधिमा जोड दिन आग्रह

पछिल्लो समय प्रविधिको उच्चतम विकासले धरासायी बन्दै गएका प्रिन्ट मिडियाहरु संकटसंग जुध्न समायनुकुल डिजिटल प्लेटफममा रुपान्तरण हुँदै जानुपर्ने कार्यक्रमका सहभागीहरुले जोड दिएका थिए। प्रेस चौतारी नेपालका कर्णाली प्रदेश अध्यक्ष प्रकाश अधिकारीले प्रिन्ट मिडियाहरु समयानुकुलको प्रविधिमा जान नसक्दा सामाजिक सञ्जालहरु हावी हुँदै जान थालेका प्रति सजक रहनु पर्ने बताए।

नेपालमा प्रिन्ट मिडियाको योगदान महत्वपूर्ण रहेको उल्लेख गर्दै अधिकारीले विस्तारै पत्रिकाको अनलाईन संस्करणलाई पनि थप व्यवस्थित बनाउदै लैजानु पर्ने सुझाव दिए। त्यस्तै कार्यक्रममा बोल्दै नेकपा एमाले सुर्खेतको प्रचार विभाग प्रमुख गंगाराम तिमिल्सेनाले कोराना महामारी जस्तो संकटमा पत्रिकाले आम नागरिकमा सूचना सम्प्रेषणमा पुऱ्याएको यागदानको प्रशंसा गर्दै आगामी दिनहरुमा निरन्तरताको कामना गरे।

नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय उपाध्याक्ष तथा स्वतन्त्रता सेनानी बालाराम शर्माले पत्रिका स्थापनाको क्षणलाई स्मरण गर्दै संकटमा पर्दै गएको मिडिया उद्यमलाई जोगाउन युगआह्वानको व्यवस्थापन टिमले खेलेको भुमिकाले मोफसलको व्यवसायिक पत्रकारिताको साख जोगिएको बताए।

त्यस्तै नेपाल पत्रकार महासंघ सुर्खेतका संस्थापक अध्यक्ष तथा प्रेस स्वतन्त्रता सेनानी पीताम्बर ढकालले पछिल्लो समय व्यवसायिक पत्रकारितामा विविध कारणले संकटमा पर्दै गएको अवस्थामा युगआह्वानले तय गरेको अनवरत यात्राले नागरिकका आवाजहरु बुलन्द हुनमा थप टेवा पुगेको बताए।

दलिय मानसिकताबाट ग्रसित

बाँकी ४ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

| | |
|---|---|
| मेष | आज स्वादिष्ट भोजन पाइनेछ। आत्मबल बढाएर काम गरेमा असफल भईदैन। प्रेम सम्बन्धमा मधुरता छाउनेछ। रोकिएको धन हात पर्ला। |
| वृष | श्रमको उचित मूल्याङ्कन हुनेछ। साथी भाइको भेटघाटले मन प्रफुल्ल रहला। आर्थिक लाभ रहनेछ र कुनै कुराले मनमा शान्ति छाउला। |
| मिथुन | आज शुभ कार्यमा सरिक भइनेछ। नयाँ नयाँ क्षेत्रमा लगानीको अवसर मिल्नेछ। श्रमको उचित मूल्याङ्कन हुनेछ। अचल सम्पत्ति हात पर्ने योग छ। |
| कर्कट | आज कार्यमा अवरोध आउला। मालसामान हराउने वा नोक्सानी हुनसक्छ। दिनको उत्तरार्धमा बढी धन खर्च हुनेछ, तर लामो यात्रा सफल हुनेछ। |
| सिंह | धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। पठनपाठनमा प्रगति हुनेछ। आफन्तको सहयोग प्राप्त हुनेछ। वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ। |
| कन्या | रोकिएको धन हात पर्ला। मिष्ठान्न भोजन प्राप्ति हुनेछ। मनोरञ्जनमा सहभागी भइएला। साँझमा पैसा खर्च हुने योग छ। अतिथिको सेवा पनि होला। |
| तुला | आज वित्तिय संस्था बाट सहयोग पाइनेछ। विशिष्ट व्यक्तिको सहयोग पाइनेछ। विश्वास गरेकाले साथ दिनेछन्। शुभकार्यको चर्चा पनि चल्नेछ। |
| वृश्चिक | महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ। आफूलाई कमजोर भएको अनुभूति हुनेछ। गरेका कार्यमा ढिलासुस्ती हुनेछ, तर साँझमा धन हात पर्नसक्छ। |
| धनु | आज धर्मकर्ममा रुचि बढ्नेछ। गरेका कामबाट राम्रै लाभ हुनेछ। रोकिएका अधुरा कार्यको थालनी हुनेछ। नयाँ र शुभ समाचार पनि सुन्न पाइएला। |
| मकर | चलाखीपूर्ण बोलीले गरेको कार्य सिद्ध हुनेछ। सफल यात्राको योग छ। वित्तिय संस्थाबाट सहयोग पाइनेछ। शुभ समाचार सुन्नमा आउला। |
| कुम्भ | लगनशीलताले कामहरू अगाडि बढ्नेछन्। चिताएको कामले तीव्रता लिनेछ। आकस्मिक धन लाभ हुनेछ। धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ। |
| मीन | आज चित्त दुख्ने समाचार सुन्नु पर्नेछ। शरीरको कुनै पनि भागमा चोट लाग्ने सम्भावना छ। आम्दानीभन्दा खर्च बढ्न पनि सक्छ। |

# भर्ना अभियानमा जुटे कर्णालीका सामुदायिक विद्यालय

**रमेश रावल**
**सुर्खेत, ३ बैशाख ।**

कर्णाली प्रदेशमा रहेका सामुदायिक विद्यालयहरुले भर्ना अभियान सञ्चालनलाई तिब्र पारेका छन् । कर्णालीमा रहेका १० वटै जिल्लामा सामुदायिक विद्यालयहरुले बैशाख २ गतेबाट भर्ना अभियानलाई तिब्रता दिएका हुन् । नयाँ शैक्षिक सत्रमा विद्यालय जाने उमेर समूहका वालबालिकालाई अनिवार्य विद्यालय भर्ना गर्ने लक्ष्यका साथ घरदैलो अभियान शुरु भएको छ ।

सामुदायिक विद्यालयहरु विभिन्न नयाँ योजना लगेर सामुदायिक विद्यालयमा विद्यार्थी आकर्षित गर्न अभिभावकको घरदैलोमा पुग्ने गरेका छन् । पश्चिम सुर्खेतको चौकुने गाउँपालिका-८ मा रहेको नेपाल राष्ट्रिय आधारभूत विद्यालयले सोमबारबाट घरदैलो अभियान सुरु गरेको छ । आफ्ना सेवा क्षेत्रभित्रका टोल-टोलमा पुगेर अभिभावक भेटभाट कार्यक्रम सुरु गरिएको विद्यालयका प्रध्यानाध्यापक जगतराज जोशीले बताए ।

'विद्यालय उमेर समूहका बालबालिकाका घरमै पुगेर विद्यालयभित्र ल्याउन उत्प्रेरणा दिने गरिएको छ ।' उनले भने,'शिक्षक, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि, अभिभावक संघका प्रतिनिधि वडाअध्यक्ष लगायतको टोलिले घरदैलो कार्यक्रम गरिरहेका छौं ।'



## यस्तो छ सरकारी कार्ययोजना

नयाँ शैक्षिक सत्र २०८१ को विद्यालय भर्ना अभियान सुरु भएको छ । अभियान अन्तर्गत बालबालिकाहरुलाई विद्यालय पठाउन आह्वान गर्दै सन्देश प्रसारणदेखि घरदैलो अभियानसम्म सन्चालन गर्नेसम्मका कार्ययोजना बनाइएको छ ।

भर्ना अभियानको क्रममा वैशाख २ गतेदेखि जेठ २० गतेसम्म कसले के गर्ने भनेर कामको जिम्मेवारी निर्धारण गरिएको छ । अभियान अन्तर्गत विद्यालयहरु र स्थानीय तहको शिक्षा शाखाले वैशाख ५ गते घरदैलो कार्यक्रम गर्ने, वैशाख १० गते विद्यार्थीलाई पोशाक र छात्रवृत्ति वितरण गर्ने, वैशाख ९ गते भर्ना हुन बाँकी बालबालिकाको विवरण तयार गर्ने र वैशाख १० गते नै भर्ना भएका विद्यार्थीहरुको विवरण स्थानीय तहमा पेश गर्ने कार्ययोजना छ ।

त्यस्तै, कालीकोटमा रहेका आधारभूत विद्यालय २२५ वटा, माध्यमिक विद्यालय ७५, बाल विकास केन्द्र ४२ वटा र सामुदायिक सिकाई केन्द्र ३० वटा र खुला विद्यालय एक गरी जम्मा ३७३ विद्यालयहरुले भर्ना अभियान सञ्चालन गरिएको जिल्ला शिक्षा विकास तथा समन्वय इकाइ कालीकोटका प्रमुख प्रकाशचन्द्र धितालले बताए ।

'जिल्लाका नौ स्थानीय तहका ती सय सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना दर बढाउनका लागि अभियान नै सञ्चालन गरिएको छ ।' उनले भने,'सरकारले सामुदायिक विद्यालयमा विद्यार्थीलाई आकर्षित गर्न निःशुल्क भर्नादेखि निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति र दिवा खाजा उपलब्ध गराउदै आएको छ । त्यही आधारमा सबै वालबालिकालाई विद्यालय भर्ना अभियान चलाइएको छ ।'

विद्यालयमा विद्यार्थी संख्या वृद्धि गर्न अभियान सुरु गरेको विद्यालयका वडिमालिका माध्यमिक विद्यालय कालीकोट रास्कोटका प्रधानाध्यापक पुष्पराज बरालले बताए । 'गत वर्षदेखि नेपाली र अंग्रेजी दुवै माध्यमबाट पठनपाठन सुरु भएकाले त्यसको सन्देश दिन पनि भर्ना अभियान घरदैलो गरिरहेका छौं ।' उनले भने,'गत वर्ष हामीले अभियान चलाएर ७५ जना विद्यार्थी थपेका थियौं । यस वर्ष पनि विद्यालयले विद्यार्थीको संख्या बृद्धि गर्ने लक्ष्य राखेका छौं ।'

**कालीकोट जिल्लामा पहिलो स्कुल बस सेवा**

विद्यार्थीको सामुदायिक विद्यालयमा आक्रर्षण बढाउनका लागि कालीकोट जिल्लाका खाँडाचक्र नगरपालिका-८ को जनप्रभात माध्यमिक विद्यालय शेरावाडाले पनि घरदैलो अभियानसँगै सामुदायिक

बाँकी ४ पेजमा

# 'नियमावली संशोधन हुँदा अधिकांश न्यायाधीश चिन्तामा'

**युग संवाददाता**
**काठमाडौं, ३ वैशाख ।**

नेपाल बार एशोसिएशनका अध्यक्ष गोपालकृष्ण घिमिरेले न्यायपरिषद् नियमावली, २०७४ को (पहिलो संशोधन, २०८०) का कारण अधिकांश न्यायाधीश चिन्तामा परेको बताए ।

बारमा सोमवार आयोजित पत्रकार सम्मेलनमा उनले उक्त नियमावली संशोधनपछि ९० प्रतिशत न्यायाधीश चिन्तामा परेको भन्दै बार चुप लागेर बस्ने अवस्था नभएको उल्लेख गरे ।

"न्याय परिषद् नियमावली संशोधनका कारण ९० प्रतिशत न्यायाधीशहरु चिन्तामा परेको अवस्था छ", अध्यक्ष घिमिरेले भने, "यस्तो अवस्थामा बार टुलुटुलु हेरेर बस्ने अवस्था रहेन, न्यायाधीशको मर्यादाक्रम, सेवा सर्त संविधानमा भएको व्यवस्थाविरुद्ध छ ।"

बारले सर्वोच्च अदालतका न्यायाधीशको कार्यकाल सात वर्षको रहने गरी व्यवस्था गर्नुपर्ने, न्यायपालिकामा हुनसक्ने विसङ्गति, अनियमितता र भ्रष्टाचार एवम् विचौलियाबाट हुनसक्ने क्रियाकलाप र त्यसको रोकथामसम्बन्धी हरिकृष्ण कार्कीको प्रतिवेदन कार्यान्वयन गर्नुपर्ने माग गरेको छ ।

साथै, अन्य प्रतिवेदन कार्यान्वयनका लागि न्यायपालिकाको पुनसंरचनालगायतका विषयमा आगामी राष्ट्रिय सम्मेलनमा प्रस्ताव लागि छलफल गरी निर्णय गर्ने उद्देश्यका लागि बरिष्ठ अधिवक्ता पूर्णमान शाक्यको संयोजकत्वमा नौ सदस्यीय अध्ययन तथा सुझाव समिति गठन गरी कार्य प्रारम्भ गरेको जनाइएको छ ।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनाय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री सुरेन्द्र बहादुर शाही धनी रहेको, पञ्चपुरी-५, बाबियाचौरमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री महेश प्रिन्टिङ प्रेस फर्म नामको प्राइभेट/साझेदारी उद्योग मेरो/ हाम्रो घरायसी /आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीकालागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएकोछ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

## वीरेन्द्रनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**वीरेन्द्रनगर, सुर्खेत कर्णाली प्रदेश, नेपाल**

## व्यवसाय दर्ता सम्बन्धमा जारी गरिएको सार्वजनिक सूचना

**मितिः २०८०/१२/२६**

प्रस्तुत विषयमा यस वीरेन्द्रनगर नगरपालिका भित्र सञ्चालनमा रहेका तथा नयाँ सञ्चालन हुने सबै प्रकृतिका उद्योग, व्यापार, पेशा वा यस्तै अन्य प्रकृतिका व्यावसायिक कारोवार गर्ने व्यक्ति, फर्म वा कम्पनीले यस नगरपालिकाको सम्वन्धित वडामा अनिवार्य रुपमा व्यवसाय दर्ता गर्नहुन तथा वहालमा रहि उल्लेखित व्यवसाय सञ्चालन गर्ने व्यवसायीले घरधनी सँग नगरपालिकाले तोकेको दर बमोजिम हुनेगरी घरबहाल सम्झौता गरी प्रत्येक आर्थिक वर्षमा व्यवसाय कर र घर वहाल कर तिर्न हुन यो १५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। अन्यथा प्रचलित नियमानुसार कारवाहि गरिनेछ ।

# गर्मी छल्न कुपिन्डे ताल पुग्छन् आन्तरिक पर्यटक

**युग संवाददाता**
**सल्यान, ३ वैशाख ।**

सल्यान जिल्लाको बनगाँड कुपिन्डे नगरपालिका-८ मा अवस्थित कुपिन्डे तालमा गर्मी छल्न जाने आन्तरिक पर्यटकको संख्या बढ्दै छ । यस याममा गर्मी छल्न तथा मनमोहक सो तालको अवलोकन गर्न दाङ, सल्यानका पर्यटक बढ्न थालेका हुन् ।

स्थानीयहरुका अनुसार अहिले दैनिक सयौंको संख्यामा यहाँ पर्यटक पुग्ने गरेका छन् । पछिल्लो समयमा सामाजिक सञ्जाल तथा अन्य विभिन्न सञ्चारका माध्यमबाट यस तालको प्रचार पनि भइरहेकाले यसको अवलोकन गर्नुको साथै डुङ्गा सयरका लागि आन्तरिक पर्यटक जाने गरेका स्थानीयले जानकारी दिएका छन् ।

चारैतिर वनजङ्गल र ती जङ्गलको बीचमा अवस्थित छ, कुपिन्डे ताल । हरियाली जङ्गल र मिलेका डाँडाका बीचमा रहेको पो तालको मनमोहक दृश्यले सबैलाई लोभ्याउने गरेको छ । हुनत अरु याममा पनि पर्यटक त्यहाँ पुग्ने गरेका छन् । यतिखेर झन् गर्मी सुरु भएकाले शीतलताको अनुभूति लिन र तालको अवलोकन गर्न पर्यटकहरु त्यहाँ जाने गरेका छन् ।

त्यहाँ पुगेपछि तालको कञ्चन पानीले पर्यटकलाई लोभ्याउने गर्दछ । साथै पर्यटकहरु डुङ्गामा सयर गर्ने, तस्बिर खिच्ने र तालको अवलोकन गरी रमाउने गर्दछन् । पर्यटकीय तथा धार्मिक, सांस्कृतिक महत्वको स्थलका रुपमा समेत चिनिने कुपिन्डे ताल अवलोकनका लागि तुलसीपुर उपमहानगरपालिका -६ बाट यहाँ पुगेका २३ वर्षीय नवीन अधिकारी तालको अवलोकनबाट आनन्दको अनुभूति गरेको बताए।

उनले भने "यति राम्रो प्रकृतिको मनोरम दृश्य देख्न पाउँदा नलोभिने कोही हुँदैन । हामी पनि समय समयमा यहाँ परिवारकै साथमा आउने गर्दछौं । यस काललाई सबै मिलेर संरक्षण गरी अझ राम्रो बनाउनुपर्छ, यसबाट थप पर्यटक आकर्षित हुनेछन् ।"

अधिकारीले चार घण्टा समय ताल क्षेत्रमा बिताएको बताए। तालको सुन्दरताबाट लोभिएको उनले सुनाए। प्राकृतिक रुपमा मनोरम काललाई स्वदेश तथा विदेशमा चिनाउन प्रचारप्रसार गर्नुपर्ने तुलसीपुर उपमहानगरपालिका- ६ का ४७ वर्षीय राधा रजौरेले बताए। उनले यस दहको संरक्षण र पर्यटकीय संरचनाको निर्माण गर्न सके विदेशी पर्यटक पनि आकर्षित हुनसक्ने धारणा राखे ।

उनले भने, "यसलाई पर्यटकीय केन्द्रका रुपमा विकास गर्न सके सल्यानको मात्र नभइ छिमेकी जिल्लाका मुहार फेरिन पनि सक्छ । मनमोहक दह र यस वरपरको प्राकृतिक सौन्दर्यले सबैलाई आकर्षित गर्न सक्दछ ।"

# आगलागीमा परी दुई नाबालकको मृत्यु

**युग संवाददाता**
**अछाम,३ बैशाख ।**

अछाममा आगलागीमा परि दुईजना नाबालकको मृत्यु भएको छ। जिल्लाको मेल्लेख गाउँपालिका वडा नं ६ बस्ने खम्म बोहोराको खरले छाएको घरमा एक्कासी आगलागी हुँदा रमेश बोहराका ६ वर्षीय छोरा छोरा गोपाल बोहरा र दिपक बोहराकी ८ वर्षीय छोरी भावना बोहराको जलेर मृत्यु भएको हो ।

वडा नं ६ का वडा अध्यक्ष तिलक कडायतका अनुसार खरले छाएको कच्ची छानामा अचानक सल्केको आगोमा परि ती नाबालकको मृत्यु भएको हो । आगलागी भएको जानकारी प्राप्त हुनासाथ उक्त स्थानमा प्रहरी चौकी मेल्लेखबाट प्रहरी सहायक निरीक्षक नरेन्द्र कुमार खडकाको कमाण्डमा-२ जनाको टोली गएको अछाम प्रहरीले जनाएको छ। उक्त स्थान प्रहरी चौकी मेल्लेखबाट करिब १० कि.मि.दुरीमा रहेका छ।

सूचना, समाचार तथा विज्ञापनका लागिः
०८३-५२१६२७

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०१/०३)**

यस सुर्खेत एजुकेशन डेभलपमेन्ट एकेडेमी (सेडा) प्रा.लिमा निम्न अनुसार शिक्षक आवश्यक परेकाले योग्यता पुगेका नेपाली नागरिकहरुबाट रितपूर्वक आवश्यक कागजात सहित दरखास्त पेश गर्न आव्हान गरिन्छ ।

**विज्ञापन नं. : ०१/२०८०/०८१**
**पद** : पूर्व आधारभुत तह शिक्षक
**आवश्यक संख्या** : २ (दुई) जना
**आवश्यक न्यूनतम शैक्षिक योग्यता** : मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ उत्तिर्ण ।
**अन्य वाञ्छनिय योग्यता** :

- सम्बन्धित तहमा कम्तीमा २ वर्ष अध्यापन गरेको अनुभव ।
- मन्टेश्वरी तालिम प्राप्त गर्नुका साथै ग्रेड टिचिङ सम्बन्धी ज्ञान भएको ।
- अंग्रेजी माध्यममा अध्यापन गर्न सक्ने ।
- कम्प्यूटर सम्बन्धी ज्ञान भएको ।

**उमेरको हद** : १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ ।
**दरखास्त दस्तुर** : रु ५००। (पाचं सय रुपैया मात्र) ।

**विज्ञापन नं. : ०२/२०८०/०८१**
**पद** : निम्न माध्यामिक तह शिक्षक
**आवश्यक संख्या** : २ (दुई) जना
**आवश्यक न्यूनतम शैक्षिक योग्यता** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह उत्तिर्ण ।
**विषय** : विज्ञान (१) , गणित (१)
**अन्य वाञ्छनिय योग्यता** :

- सम्बन्धित तहमा कम्तीमा २ वर्ष अध्यापन गरेको अनुभव ।
- अंग्रेजी माध्यममा अध्यापन गर्न सक्ने ।
- कम्प्यूटर सम्बन्धी ज्ञान भएको ।

**उमेरको हद** : १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ ।
**दरखास्त दस्तुर** : रु ७००। ( सात सय रुपैया मात्र ) ।

**दरखास्त पेश गर्ने अन्तिम मितिः** २०८१।०१।०९ गते आइतवार कार्यालय समय भित्र
**सम्पर्क मिति** : २०८१।०१।१० गते सोमवार
**परिक्षाको मिति र समय** : सम्पर्क मितिमा जानकारी गराईनेछ
**नोट** : सर्टलिस्टमा छनौट भएका उम्मेदवारहरुलाई मात्र परिक्षा तथा अन्तर्वार्तामा समावेश गराइनेछ । छनौट सम्बन्धी सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ ।

**सुर्खेत एजुकेशन डेभलपमेन्ट एकेडेमी (सेडा) प्रा.लि.**
**वीरेन्द्रनगर-१०, सुर्खेत**
**सम्पर्क नं. : ०८३-५२५२१०**

## समाज जागरण केन्द्र (स्याक) नेपाल

स्याक नेपाल

**केन्द्रिय कार्यालय, कर्णाली प्रदेश, सुर्खेत**

## टेन्डर आव्हान सम्वन्धि सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०१/०४ गते**

यस कार्यालयको खरिद उप-समितिको मिति २०८१।०१।०३ गतेको बैठकको निर्णय अनुसार एबिल International Nepal संगको साझेदारीमा जाजरकोट र रुकुम जिल्लामा संचालित भुकम्प प्रतिकार्य तथा सहयोग कार्यक्रमका लागि तपसिल अनुसार (अनुमानित परिमाण) का सामग्रीहरु खरिद गर्नुपर्ने भएकाले देहाय बमोजिमका शर्त र वन्देजको अधिनमा रहि पहिलो पटक सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस कार्यालयले उपलब्ध गराएको टेन्डर फाराम भरी सोको भोलि पल्ट दिनको १२:०० वजे भित्र यस कार्यालयमा दर्ता गराउनुहुन सम्वन्धित इच्छुक योग्य आपूर्तिकर्ताहरुका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| S. No | Items description | Unit | Estimated Quantity Required |
|---|---|---|---|
| 1 | Ordinary Portland Cement (OPC), NS certified, 43 Grade and 50 Kg/bag must be in fully workable condition | Bag | 170 |
| 2 | 8 mm ø, Fe 500 TMT steel reinforcement bar with NS certification, no or less rusted | Kg | 150 |
| 3 | Soft and ductile Binding Wire (0.8mm), not rusted | KG | 105 |
| 4 | 40mmø GI Pipe with Cap heavy galvanized (0.8 RM/piece) | No | 9 |
| 5 | 32 mm ø HDPE Pipe 8Kgf (12.5 PN) | RM | 2400 |
| 6 | 25 mm ø HDPE Pipe 8Kgf (12.5 PN) | RM | 5100 |
| 7 | 20 mm ø HDPE Pipe @10Kgf (12.5 PN) | RM | 7300 |
| 8 | 16 mm ø HDPE Pipe @10Kgf (12.5 PN) | RM | 300 |
| 9 | 500 liter capacity, High Denise Poly Ethylene (HDPE ) Extra Heavy Water tank (36 ø, 3layer Plastic) | No | 3 |
| 10 | Mild steel water tank stand @ 40Kg weight, 9 feet tall- made in perfect welding of angular sections, provided with top railing and cross bracing. | No | 2 |
| 11 | Germ Protection Soap (100 gram) | No | 216 |
| 12 | Tap stand fittings with medium gauze NS certified brass water tap (Hulas/Arati or equivalent) | No | 17 |
| 13 | PVC Pipe Fitting | No | 2 |

१. जिल्ला भन्दा वाहिर रहेका इच्छुक सम्वन्धित अधिकृत विक्रेता, आपुर्तिकर्ता तथा बितरकहरु कार्यालयमा आइ टेन्डर फाराम प्राप्त गर्न सम्भव नभएको खण्डमा आफ्नो फर्मको लेटरप्याडमा लिखित रुपमा टेन्डर फाराम माग गरि हाम्रो Email Address: vacancysac1995@gmail.com मा पत्राचार गरेमा सम्वन्धित सेवाप्रदायकलाइ Email मार्फत टेन्डर फाराम उपलव्ध गराउन सकिने छ ।
२. टेन्डर फाराम वितरण गरिने अन्तिम म्याद २०८१ वैशाख १० गते कार्यालय समय भित्र ।
३. टेन्डर फाराम वुझाउने अन्तिम म्याद २०८१ वैशाख ११ गते दिनको १२:०० वजे सम्म ।
४. प्राप्त भएका टेन्डर फारामहरु २०८१ वैशाख ११ गते दिनको २:०० वजे सस्थाको केन्द्रिय कार्यालय वीरेन्द्रनगर-१२, सुर्खेतमा सम्वन्धित आपुर्तिकर्ताहरुको रोहवरमा खोलिने छ यद्यपि आपुर्तिकर्ताहरु उपस्थित नभएमा पनि टेन्डर फाराम खोल्न कुनै वाधा पर्ने छैन ।
५. टेन्डर फाराम प्राप्तिका लागि सम्वन्धित आपुर्तिकर्ताले तपसिल अनुसारका कागजातहरु यस कार्यालयमा पेश गर्न' पर्ने छ ।
   क) मुअकर दर्ता प्रमाण पत्र/प्यान दर्ता प्रमाण पत्रको प्रतिलिपि
   ख) आव २०८०/०८१ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
   ग) उद्योग वाणिज्य र अन्य सम्वन्धित निकायमा दर्ता भएको प्रमाण पत्रको अन्तिम नविकरण सहितको प्रतिलिपि
   घ) कर चुक्ता नभएको भए म्याद थपको प्रमाण ।
६. टेण्डर फाराम पुर्ण वा आंशिकरुपले स्वीकृत गर्ने वा नगर्ने अधिकार यस सस्थामा निहित रहने छ ।
७. टेन्डर फाराममा अक्षर र अंक दुवै नखुलेको साथै कुनै प्रकारको केरमेट तथा अस्पष्ट हुने गरि पेश हुन आएका टेन्डर फारामहरु स्वतः रद्ध हुनेछन् ।
९. आपुर्तिकर्ताले सामग्रीहरुको टेन्डर फाराम भरिसके पश्चात संस्थाको केन्द्रीय कार्यालय वीरेन्द्रनगर, सुर्खेत वा परियोजना कार्यालय, खलङ्गा, जाजारकोटमा शिलबन्दी फारम वुझाउन पर्ने छ ।
१०. टेन्डर फाराममा कबोल गरेको जम्मा करयोग्य रकम बराबरको २.५ प्रतिशत धरौटि रकम क बर्गका वैंक हरुबाट समाज जागरण केन्द्र (स्याक) नेपालको नाममा बैंक ग्यारेन्टिको सक्कल पत्र वा सानिमा बैंक लि सुर्खेत शाखा, स्याक नेपाल (SAC Nepal) खाता नं. 030010010000362 मा जम्मा गरेको सक्कल बैंक भौचर संलग्न गर्नुपर्नेछ ।
११. यस बाहेक थप जानकारी आवश्यक परेमा कार्यालयको फोन नं.०८३-५२१२८२ मा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ ।

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

## प्रविधिमा...

मिडिया हाउसले नागरिकमा निरासा छाएको परिपेक्षमा स्वतन्त्र सम्पादकीय र लेखकीय भूमिका निभाएर आशा जोगाउनतर्फ युगआह्वानले खेलेको भुमिकाको ढकालले प्रंससा गरे ।

पछिल्लो समय सामाजिक सञ्जालमा आएका युवा पिढीमाझ मिडिया हाउस तथा पत्रकार हरुले आफ्नो औचित्य पुष्टि गर्नतर्फ ध्यान नदिदा गुम्दै गएको प्रत्रकारिताको साख जोगाउन बलैमा सचेत भएर लाग्नु पर्ने प्रेस सेन्टर नेपाल कर्णालीका अध्यक्ष देविराम देवकोटाले बताए ।

त्यस्तै नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य दिपेन्द्र शर्माले पत्रकारिता क्षेत्रमा छाएको संकटसँग जुध्न युगआह्वानले खेलेको भुमिकाको चर्चा गरे । आगामी दिनहरुमा प्रविधिमैत्री समाचार सामाग्री बनाउनतर्फ अग्रसर हुनुपर्ने धारणा शर्माको थियो ।

पत्रकार महासंघ सुर्खेतका पूर्व अध्यक्ष एवम् भूमि आयोग सुर्खेतका निर्वतमान अध्यक्ष श्रीधर पौडेलले युगआह्वानको व्यवसायिक पत्रकारिता निरन्तरताको कामना गरे । स्याक नेपालकी महासचिव गंगा गुरुङ्गले समाज रुपान्तरणमा युगआह्वानले खेलेको भुमिका एकदमै महत्वपूर्ण रहेको उल्लेख गर्दै सूचना सम्प्रेषणको यात्रालाई निरन्तरता दिनुपर्ने बताइन ।

मिडिया उद्योगमा कोभिड-१९ ले ठुलो संकट सिर्जना गरेको अवस्थामा मोफसलमा रहेर राष्ट्रियस्तरको (ख) वर्गमा सुचिकृत हुन सफल भई नागरिकले खबरदारी गर्ने माध्ययम बनेको युगआह्वानले श्रमजिवी प्रत्रकारलाई पलायन हुन नदिनु नै नेपाली पत्रकारिता जगतमा ठुलो योगदान रहेको कार्यक्रमका प्रमुख अतिथि समेत नेपाल प्रत्रकार महासंघका केन्द्रीय कोषाध्यक्ष कलेन्द्र सेजुवालले बताए ।

स्थानाकालमा राजनीतिक दलमा आवद्ध भएका व्यक्तिबाट सञ्चालित पत्रिका कसरी जनताको आवाज बोल्छ भन्ने लागेता पनि अहिले आएर युगआह्वानले उतिबेला आफुभित्र भएको त्यो कौतुहल्ता चिरेको सेजुवालले बताए । मोफसलमा रहेर संकटसँग जुधेको युगआह्वानले आगामी दिनहरुमा आम नागरिकका सवालमा थप सशक्त आवाज बुलन्द गरी राज्यलाई खबरदारी गर्ने तहमा आफूलाई स्थापित गर्नमा कुनै पनि कसरत बाँकी राख्न नहुने सेजुवालको सुझाव थियो ।

मिडिया उद्यममा आएको संकटको सामाना गर्दै सीमित स्रोत र साधनका बिच नागरिकको आवाजलाई दब्न नदिन अहोरात्र लागि परेको युगआह्वान दैनिकका प्रकाशक एवम् प्रधान सम्पादक दीपककुमार बुढाक्षेत्रीले बताए । मोफसलका मिडिया उद्यमीलाई राज्यले हेने नजर फरक हुँदा संकट छाउदै गएको उल्लेख गर्दै आफूसँग भएको स्रोत, साधनको प्रयोग गरी नागरिकको पक्षमा खबरदारी गर्ने भूमिकामा अबिचलित नभएर निरन्तर लाग्ने प्रतिवद्धता उनको थियो ।

संचार क्षेत्रमा भित्रिदै गएको प्रविधिलाई आत्मसाथ गर्दै अगाडि बढेको उल्लेख गर्दै युगआह्वान मोवाइल एप, कर्णाली जब, इ-बजार, टेण्डर कर्णाली यसैका उदाहरण भएको उनको भनाई थियो । आगामी दिनहरुमा वक्ताहरुबाट प्राप्त भएका सुझावलाई आत्मसाथ गर्दै पत्रिकालाई थप प्रविधिमा आधारित बनाएर लैजाने उनले बताए ।

## मनपरी...

खुलेको नयाँ विद्यार्थी भर्नाका लागि वीरेन्द्रनगर नगरपालिका-३, कि मनिषा शाही आफ्ना दुई छोरीको माथिल्लो कक्षामा नाम लेखाउन विद्यालयमा पुगिन । विद्यालयले सोमबार विद्यार्थी भर्ना गराए भारी छुट हुने आश्वासन पाएपछि शाही छोरीहरुको नाम लेखाउन विद्यालय पुगेकी थिइन । विद्यालयले नयाँ भर्ना भन्दै यूकेजी र कक्षा-१ मा गरी दुई हजार पाँचसयको बिल थमायो । शाहीले बर्षेनी नयाँ भर्नाका लागि भन्दै अतिरिक्त शुल्क तिर्दै आएको गुनासो गरिन ।

'मैले बर्षेनी नयाँ भर्नाको लागि भनेर थप शुल्क तिरी रहेकी छु,' उनले भनिन्, 'तीन बर्षदेखि मैले लगातार मेरा नानीहरुलाई सोही विद्यालयमा पढाई रहेकी छु, तर, नयाँ भर्नाका बेलामा फेरी पहिलो पटक भर्ना भए जसरी किन शुल्क लिइरहेका छन्, म अचम्ममा छु, सानो कक्षाका लागि त ठिकै होला तर ठुलो कक्षामा एकै पटक ठुलो रकम तिर्न पर्दा त समस्या छ ।'

भर्ना शुल्क महँगो हुँदा समयमा भर्ना गर्न नसकेको अर्का अभिभावक वीरेन्द्रनगर-२, कि सारदा खड्का बताउँछिन् । 'मेरो बाबुलाई कक्षा चारमा भर्ना गर्नुपर्ने २० हजार रुपियाँ भर्ना शुल्क मात्रै भनेपछि मैले भर्ना नै गर्न सकेको छैन, 'उनले भनिन, 'यो त भर्ना शुल्क मात्रै हो, पछि मासिक विभिन्न शिर्षकमा फेरि चार-पाँच हजार रुपियाँ बुझाउन पर्छ ।'

विभिन्न बहानामा निजी विद्यालयहरुले असुल्ने शुल्कका कारण छोराछोरी पढाउनै समस्या हुन थालेको उनको गुनासो छ । संविधानमा निशुल्क शिक्षालाई मौलिक हकका रुपमा परिभाषित गरिएको भएपनि निजी विद्यालयहरु जताबाट पनि पैसा कमाउने नीतिमा लाग्दा कम आए भएका आफू जस्ता नागरिक समस्यामा परेको उनले बताइन । यता निजी विद्यालयहरुले नयाँ भर्नाका बेला लिने शुल्क विद्यार्थी भर्ना शुल्क नभई वार्षिक सेवा शुल्क भएको निजी विद्यालयहरुको छाता संगठन प्याब्सनका केन्द्रीय उपाध्यक्ष नैनसिंह खत्री दाव गर्छन ।

सोही विद्यालयमा अध्ययन गरिरहेको विद्यार्थीलाई अर्को कक्षामा जाँदा पुनः भर्ना शुल्क लिएको भन्दै गलत प्रचार गरिएको भएपनि खासमा विद्यालयले उपलब्ध गराउने सेवा सुविधावापत केही मात्रामा बार्षिक सेवावापतको रकम लिने गरेको दावी उनले गरे । बार्षिक शुल्क हुनुपर्नेमा प्राविधिक गढबढीले भर्ना शुल्क भएको उनको दावी छ ।

वीरेन्द्रनगर प्रदेशको मुकाम भएका कारणले पनि विद्यार्थीको चाप धेरै हुने गरेको छ । प्रदेशका १० वटै जिल्लाबाट आउने विद्यार्थीको चापलाई थेग्ने सामुदायिक विद्यालयको संख्या नहुँनु, अभिभावकमा सरकारी विद्यालयप्रति विश्वास नहुनु लगायतका कारणले भरिभराउ हुने निजी विद्यालयहरुले मनपरी उठाउने शुल्कले मध्यम आय भएका नागरिकलाई छोराछोरी पढाउनै हम्मेहम्मे हुने गरेको अभिभावकहरुको गुनासो छ ।

शिक्षा र स्वास्थ्य जस्तो आधारभूत क्षेत्रमा व्यापारीकरण हुनुहुँदैन भन्ने तर्क उठिरहँदा सुर्खेतका निजी विद्यालयहरु सेवामूलकभन्दा पनि नाफामूलकमा बढी केन्द्रित हुँदा विपन्न वर्गका छोराछोरी निजी विद्यालयको छायाँसम्म देख्न नपाउने बाध्यतामा छन् । प्रदेशको राजधानीसमेत रहेको वीरेन्द्रनगरमा ९४ वटा संस्थागत र २३ वटा मन्टेश्वरी विद्यालयहरु सञ्चालनमा छन् ।

## गोली...

गोली हानेका थिए । प्रहरीले फागुन १३ गते हत्या प्रयासको घटनामा जोडिएको दाबी गर्दै एक जना भारतीय सुटरसहित चार जनालाई सार्वजनिक गरेको थियो । प्रहरीले भारतको उत्तर प्रदेशको बिजनौर दादानगरगञ्जका १९ वर्षीय रोहित राजपूत, कैलालीको गौरीगंगा नगरपालिका-२ का १८ वर्षीय इन्द्र विक सोही ठाउँका १८ वर्षीय भरत भुल र सुर्खेतको वीरेन्द्रनगर-४ का ३७ वर्षीय राजन गिरीलाई प्रहरीले

## भर्ना...

विद्यालयमा बस सेवा सञ्चालन गरेको छ ।

विद्यार्थीको संख्या बृद्धि गर्नका लागि र कुनै पनि वालबालिका विद्यालय बाहिर नरहनु भन्नाका लागि विद्यालयले बस सेवा सञ्चालनमा ल्याएको विद्यालयका प्रधानाध्यापक पदमवहादुर मल्लले बताए । 'जिल्लाका सबै सामुदायिक विद्यालयमध्ये पहिलो पटक हामीले बस सेवा सञ्चालनमा ल्याएका छौं ।' उनले भने,'भर्ना अभियान जारी रहेको छ । शैक्षिक सत्र २०८१ बाट बस सेवा सञ्चालन गर्ने गरेका छौं ।' भारतको स्वतन्त्रता दिवस र गणतन्त्र दिवसको अवसरमा स्कुलले बस उपहार पाएको प्रधानाध्यापक मल्लले जानकारी दिए । 'हामीलाई भारत सरकारको सहयोगमा स्कुल बस पाएका छौं ।' उनले भने,' आगामी शैक्षिक शत्रबाट स्कुलमा अध्यायन गर्ने विद्यार्थीले स्कुल बसबाटै आवातजावत गर्न सजिलो हुनेछ ।'

### १८ हजार विद्यालय बाहिर

कर्णाली प्रदेशभरि १८ हजार बालबालिका विद्यालय बाहिर छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार बाढी पहिरो लगायतका प्राकृतिक विपद्, आर्थिक अभावजस्ता विभिन्न कारणले कर्णाली प्रदेशका १० वटा जिल्लाका १८ हजार ६ सय १ जना बालबालिका विद्यालय जाँदैनन् । जसमा आठ हजार नौ सय ९५ बालिका र नौ हजार छ सय छ जना बालक छन् । कर्णालीको कुल जनसंख्या १६ लाख ८८ हजार चार सय १२ मा ६ लाख ७७ हजार ४८ जना बालबालिका छन् ।

कर्णाली प्रदेशका १० वटा जिल्ला, २५ वटा नगरपालिका र ५४ वटा गाउँपालिकाका ७२९ वडाहरुमा नै अभियान सञ्चालन भएको कर्णाली प्रदेश शिक्षा विकास निर्देशनालयका सूचना अधिकारी लोकप्रसाद पौडेलले बताए । 'कर्णाली प्रदेशका दशवटै जिल्लामा रहेको बालविकास केन्द्र २६०७, प्राथमिक विद्यालय १९७१, निम्न माध्यमिक विद्यालय ६२४, माध्यमिक विद्यालय २२९ मा नै भर्ना अभियान सञ्चालन भएका छन् ।' उनले भने,'यसका लागि अहिले कार्ययोजना नै बनाएर भर्ना अभियानको काम भइरहेको छ ।'

## इन्फ्लुएन्जा (फ्लू)बाट सुरक्षित रहौं

### इन्फ्लुएन्जा (फ्लू) भनेको के हो ?

इन्फ्लुएन्जालाई बोलीचालीको भाषामा फ्लू भनिन्छ । यो इन्फ्लुएन्जा भाइरसका कारणले लाग्ने संक्रामक रोग हो । जाडो महिनामा धेरै सक्रिय हुने यो भाइरसले शिशुदेखि जवान, अधबैंसे र वृद्धवृद्धा समेत सबै उमेरका व्यक्तिहरूलाई फ्लू लाग्न सक्छ ।

### फ्लू कसरी सर्छ ?

फ्लू भएका व्यक्तिले बोल्दा, खोक्दा, हाच्छिउँ गर्दा निस्किएका छिटा नजिकको व्यक्तिको नाक वा मुखमा परेमा भाइरस सर्न सक्छ । ती छिटा सासबाट फोक्सोमा पनि जान सक्छन् । भाइरस भएको कुनै सतह छोएर आफ्नो मुख वा नाक छुँदा पनि फ्लू लाग्न सक्छ ।

### फ्लूका लक्षण के हुन् ?




( फ्लू भएका सबैलाई ज्वरो नआउन पनि सक्छ )

### फ्लू रोकथाम कसरी गर्ने ?

- बिरामी भएका व्यक्तिहरूसँग भौतिक दूरी राख्ने
- खोक्दा वा हाच्छिउँ गर्दा आफ्नो मुख र नाक छोप्ने
- शारीरिक रूपमा सक्रिय हुने र प्रशस्त तरल पदार्थ र पौष्टिक खाना खाने
- सम्भव भएसम्म बिरामी हुँदा घरमै बस्ने
- बेलाबेलामा साबुनपानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने
- आफ्नो आँखा, नाक वा मुख नछुने

फ्लू भएका अधिकांश व्यक्तिहरूलाई चिकित्सकको हेरचाह वा एन्टिभाइरल औषधिहरू आवश्यक पर्दैन । दीर्घ रोगी, गर्भवती, वृद्धवृद्धा तथा रोग प्रतिरोधात्मक क्षमता कम भएकालाई फ्लूले धेरै असर गर्ने र अवस्था जटिल बनाउने भएकाले त्यस्ता व्यक्तिले स्वास्थ्यकर्मीको निगरानी वा सम्पर्कमा रहनुहोला ।

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय
वीरेन्द्रनगर, सुर्खेत

## घर निर्माण कार्यको लागि सम्झनुहोस्

हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्र्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ ।



प्रो. शिवराज शाही
शिवराज सप्लायर्स
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

## घर जग्गाहरु खरिद बिक्री गर्दा ध्यान दिनुपर्ने मुख्य कुरा

१ घर जग्गा बिक्री गर्ने वास्तविक ब्यक्ति बुझेर मात्र सो को कित्ता निजको हक भोगमा छ छैन एकिन गर्ने
२ उक्त कित्ताको मोठ क्षेस्था फोटो र तीनकुने ठिक भय नभयको एकिन गर्ने
३ जग्गा र नक्सामा बाटो छ छैन राम्ररी जाच्ने वा बुज्ने
४ कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा मुद्धा छ छैन एकिन गर्ने
५ जग्गामा रहेको हक भोग आकार प्रकार मिल्छ वा मिल्दैन एकिन गर्ने
६ लाल पुर्जा र नक्सा मा क्षेत्र फल मिल्छ मिल्दैन एकिन गर्ने
७ उक्त कित्ता को चारै तर्फ़ को सिमाना विवाद भय नभयको फिल्डमा गयर साध सधियारहरुबाट भुझने
८ उक्त जग्गामा मोही भय नभयको बुझने
९ जग्गा रैकर वा गुठि के हो लाल पूर्जामा राम्रो संग हेर्ने
१० नक्सा अनुसारको जमिनमा चारै तर्फ़ सिमाना एकिन गर्ने र रेखांकन गर्ने गराउने

आधिकारीक घर जग्गा खरीद-बिक्री गर्ने कम्पनी मार्फत कारोबार गर्नु हुन अनुरोध छ ।
कर्णाली मल्टी रियल स्टेट कम्पनी प्रा. लि.
वीरेन्द्रनगर, सुर्खेत
०८३-५२३१८५, ९८१८८७२८०१, ९८५८०७२८०१

## हटलाइन मर्मत सेवा
## फोन गर्नुहोस ।
## समस्या सुनाउनुहोस
## समाधान पाउनुहुनेछ ।

धेरै समस्याको समाधान अव एकै ठाउँबाट
१) पानी, बत्ती टुटफुट मर्मत सेवा ।
२) फर्निचर (काप्रेन्टर) मर्मत सेवा ।
३) आल्मोनियम, फ्रिफेब मर्मत सेवा ।
४) टायल, मार्बल टुटफुट मर्मत सेवा ।
५) वल्डिङ, बेल्डिङ मर्मत सेवा ।
६) पाथरुम, शौचालय मर्मत सेवा ।
७) कोठा सार्ने गाडी सुविधा ।
८) नयाँ, पुराना फर्निचर, ग्याँस चुलो, भाँडावर्तन खरिद-विक्रि तथा मर्मत
९) सेकेण्डहेण्ड स्कुटी, मोटरसाइकल खरिद-विक्रि

२४ शै घण्टा सेवा गर्ने अवसर दिनुहोस ।

सामेल निर्माण सेवा
वीरेन्द्रनगर-१२, सुर्खेत
हटलाइन मोवाइल नं. : ९८५८०२२७१८

## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

### हाम्रा विशेषताहरु

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यवस्था भएको साथै विदेशीसँग कुराकानीको व्यवस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

सुलभ दर तथा गुणस्तरीय छपाई तोकिएकै समयमा
## क्यालेण्डर
स्पाइरल | साधारण | टेबल
के तपाई २०८१ सालको क्यालेण्डर छपाईको लागि विश्वसनीय छापाखानाको खोजीमा हुनुहुन्छ ?

भवानी छापाखाना
DIGITAL COLOUR PRINTER



•Screen Print •Offset Print •Digital Print
24 Years in Printing Experience
Quality & Quantity Printing House
B.C. Group Karnali 2070
संसार प्रसिद्ध HEIDELBERG
कर्णाली प्रदेशमै पहिलो पटक (20" × 30" & 19" × 25")
Multicolour Printing Machine
25000 Printing Per Hour



## भवानी छापाखाना
Industry :- Birendranagar Industrial Area
: pressbhawani@gmail.com
Office :- Birendranagar-6, Surkhet
: 083-521615, 9858067999

युगआह्वान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, प्रधान कार्यालय: वीरेन्द्रनगर-४, सुर्खेत, फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।